"पाँचखाल नगर-कृषि सहर"

# पाँचखाल नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

पाँचखाल, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल

फोन नं.: ०११-४९९४५१
फ्याक्स: ०११-४९९२३७

प.सं.: 077/78
च.नं.:

मिति: २०७८/०३/०८

### पाँचखाल नगरपालिका कोभिड निर्देशक समितिको निर्णय

आदरणीय नगरबासी आमावुवा, दाजुभाई तथा दिदीबहिनीहरु,

विश्वव्यापी रुपमा फैलिइरहेको नोबेल कोरोना भाइरस संक्रमणको अवस्था यस नगरपालिकामा पनि उल्लेख्य रुपमा घटि नसकेको अवस्थालाई मध्यनजर गरी यस नगर भित्र सम्भावित संक्रमण नियन्त्रण र रोकथाम गर्न नगर क्षेत्र भरि मिति २०७८।०३।०८ गते राती १२:०० बजेबाट मिति २०७८।०३।१४ गते राती १२:०० बजेसम्म देहायअनुसार गर्न/ गराउन हुन सम्बन्धित सबैमा अनुरोध गरिन्छ ।

देहाय

**१ सर्वसाधारणले पालना गर्नुपर्ने:**

१.१ औषधि उपचार, खाद्य वस्तु खरिद जस्ता अत्यावश्यक काममा बाहेक कुनै पनि व्यक्ति घरबाट बाहिर ननिस्कने, हिडडुल, आवतजावत नगर्ने ।

१.२ नेपाल सरकारबाट तोकिएको स्वास्थ्य सम्बन्धी मापदण्ड र सामाजिक दुरी अनिवार्य पालना गर्ने ।

१.३ सबै प्रकारका गोष्ठी, मेला, जुलुस, सभा, सम्मेलन, तालिम, सेमिनार, सिनेमा हल, पार्टी प्यालेस, स्वीमिङ पुल, मनोरञ्जन स्थल, शैलुन, ब्युटि पार्लर, जिमखाना, समुहमा खेलिने खेलकुद, संग्रहालय आदि सञ्चालन नगर्ने ।

१.४ हाट, मेला, जात्रा, महोत्सव, पार्टि, भोज जस्ता भिडभाड हुने कार्यहरु नगर्ने ।

१.३ तोकिएको तरकारी बजार बाहेक अन्य सार्वजनिक स्थल र बाटोमा तरकारी तथा फलफूल विक्री वितरण नगर्ने ।

१.६ कोभिड-१९ सँग मिल्दोजुल्दो वा त्यस्तै प्रकारका कुनै स्वास्थ्य समस्या देखिएमा तुरुन्तै नजिकको स्वास्थ्य संस्था वा स्थानीय तहमा सम्पर्क गर्ने ।

078/3/08
प्रमुख प्रशासकीय अधिकृत

पाँचखाल नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पाँचखाल, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल

**२. कार्यालय सञ्चालन सम्बन्धमा:**

२.१. जिल्लास्थित विकास निर्माण र सार्वजनिक सेवा प्रवाहसँग सम्बन्धित सबै सरकारी कार्यालयहरुले स्वास्थ्य मापदण्डको पालना गरी आलोपालो प्रणाली कायम गरी सेवा प्रवाह सुचारु गर्ने ।

२.२ बैंक तथा वित्तीय संस्थाहरु (फाइनान्स सम्पनी समेत) का हकमा राष्ट्र बैंकबाट ईज्ञाजत प्राप्त बैंकहरुले स्वास्थ्य सुरक्षाका मापदण्डहरु पालना गरेर सेवा सञ्चालन गर्ने ।

२.३ बीमा समिति, बीमा कम्पनीहरुले आलोपालो गरि न्युनतम जनशक्ति( २०%मात्र ) प्रयोग गरि कार्य संचालन गर्ने ।

२.४ सहकारी संस्था तथा रेमिटहरुले सिमित कर्मचारीहरुको व्यवस्थापनमा आईतवार र बिहिवार संचालन गर्ने । र गैरसरकारी सस्थाहरुले स्वास्थ्य सुरक्षाका मापदण्डहरु पालना गरेर भिडभाड कम हुनेगरी न्यूनतम जनशक्ति प्रयोग गरी कार्यसञ्चालन गर्ने साथै सेवा प्रवाहको वैकल्पिक व्यवस्था मिलाउने ।

**३. औषधि/स्वास्थ्य सामग्री, अत्यावश्यक सामग्री तथा अन्यका सम्बन्धमा:**

३.१ औषधी तथा स्वास्थ्य सामग्री उत्पादन र बेचबिखन गर्ने उद्योग तथा पसलहरुसँग सम्बन्धित व्यवसाय निर्धारित स्वास्थ्य सुरक्षा मापदण्ड अनिवार्य पालना गरी सञ्चालन गर्ने ।

३.२ खाद्यान्न, दुध डेरी, मासु, तरकारी, फलफुल पसल, किराना पसल, खानेपानी, ग्याँस पसलहरु पुजा सामग्री पसल र डिपार्टमेन्टल स्टोर विहान ११.०० वजे सम्म संचालन गर्ने ।

३.३ स्टेशनरी /पुस्तक पसलहरु, स्वास्थ्य सुरक्षा मापदण्ड अनिवार्य पालना गरी विहान ११.०० वजे सम्म सञ्चालन गर्ने ।

३.४ प्रिन्टिङ प्रेसहरु स्वास्थ्य सुरक्षा मापदण्ड अनिवार्य पालना गरी बिहान ११:०० बजेसम्म सञ्चालन गर्ने

३.४ सुन पसल, भाँडा, भान्साजन्य, विद्युतीय घरायसी सामग्री, अटोमोबाइल शोरुम, अटोमोबाइल पार्टस् पसल, इलेक्ट्रोनिक पसलहरु विहान ११:00 बजेसम्म निर्धारित स्वास्थ्य सुरक्षा मापदण्ड अनिवार्य पालना गरी सञ्चालन गर्ने ।

३.५ खेलकुद सामग्री पसल, कपडा, जुत्ता, फेन्सी, कस्मेटिक, साडी, गिफ्ट आइटम, टेलरिङ्ग बिहान ११:00 बजेसम्म स्वास्थ्य सुरक्षा मापदण्ड अनिवार्य पालना गरी सञ्चालन गर्ने ।

३.३ हार्डवेयर पसल, बिजुलीका सामान, स्यानिटरी, सिमेन्ट, छड, टायल, मार्बल, कार्पेट पसल बिहान ११:00 बजेसम्म सञ्चालन गर्ने ।

०८/३/१०

प्रमुख प्रशासकीय अधिकृत

**४. सार्वजनिक एवम् निजी सवारी साधन सञ्चालन सम्बन्धमा:**

४.१. सार्वजनिक सवारी साधन निषेध आदेश जारी भएको अवधिभर सञ्चालन नगर्ने ।

४.२ अत्यावश्यक सेवाहरु जस्तै एम्बुलेन्स, खानेपानी सेवा, दुरसञ्चार, बैंक, वित्तीय सस्था, ईन्टरनेट,खाद्यान्न, तरकारी, फलफुल, दुध तथा दुग्ध पदार्थ ढुवानी, कुखुराको दाना, चल्ला र पशुपन्छी जन्य पदार्थ, मेटनरी, मासु तथा मासुजन्य वस्तु बोकेको सवारी साधन, मास्क, सेनिटाइजर,क्वारेन्टिन, आइसोलेसन, फोहोरमैला व्यवस्थापन, कुरियर तथा डाक सेवामा प्रयोग भएकासवारी साधनहरुमा व्यानर तथा प्रिन्टमा विषय उल्लेख गरी सञ्चालन गर्ने ।

४.३ निजी सवारी साधन (कार, जीप, भ्यानमा बढिमा ४ जना), ट्याक्सीमा बढिमा ३ जना र मोटरसाइकल /स्कुटर जोर बिजोर प्रणाली लागु (जोर गते जोर नम्बर र बिजोर गते बिजोर नम्बर) गरी सञ्चालन गर्ने

४.४ सरकारी, सार्वजनिक संस्थान, कुटनीतिक नियोग, सुरक्षा निकाय, स्वास्थ्यकर्मी, कृषि, मल बीउविजन, पशु चिकित्सक लगायत अत्यावश्यक सेवा प्रदायक सवारी साधनहरु निर्वाध रुपले सञ्चालन गर्ने ।

४.४ विकास निर्माणका सामग्री ढुवानी गर्ने सवारी साधनहरु स्वास्थ्य सुरक्षाको मापदण्ड पूर्ण रुपमा पालना गरी जिल्लाभित्र खपत हुने सामग्रीको हकमा साँझ ६:00 बजेपछि बिहान ७:00 बजेसम्म र जिल्ला बाहिर लैजानेको हकमा राती ४:00 बजेदेखि बिहान ८:00 बजेसम्म सञ्चालन गर्न सक्ने ।

**५.** नेपाल सरकारका कर्मचारी, बैंक तथा वित्तीय संस्था, विमा कम्पनी, विद्युत, संचार, खानेपानी,फोहोरमैला व्यवस्थापन सम्बन्धी अत्यावश्यक सेवामा कार्यरत कर्मचारीले प्रयोग गर्ने निजी सवारीसाधनका हकमा कार्यालयले जारी गरेको परिचय-पत्रका आधारमा आवतजावत गर्ने ।

**६.** सञ्चार कर्मी एवम् पत्रकारको हकमा सूचना सङ्कलन तथा सम्प्रेषण गर्न सूचना विभागले जारी गरेको परिचय-पत्रको आधारमा आवतजावत गर्ने ।

**७.** निषेध अवधिभर होटल तथा रेष्टुरेन्टहरुले Takeaway र Home Delivery सेवा दिन सक्ने ।

**८.** बिवाह, ब्रतबन्धको आयोजनाका लागि स्वास्थ्य. मापदण्डको अनिवार्य पालना गर्नेगरी आफ्नो घर वा बसेको स्थानमा मात्र गर्ने । बिवाहको हकमा (दुलाहा, दुलही समेत) १० जना भन्दा बढी नहुने गरी २ वटा सवारी साधन मात्र प्रयोग गर्ने गरी ब्यानरका आधारमा आवतजावत गर्ने ।

**९.** माथि उल्लेखित आदेशहरु पालना नगर्ने वा यो काम गर्न बाधा पुर्याउने जो कोहीलाई कोमिड-१९ सङ्कट व्यवस्थापन अध्यादेश, २०७८, संक्रामक रोग ऐन, २०२० अनुसार सजाय हुने व्यहोरा सबैमा जानकारी गराईन्छ ।

०७८/३/०८

शिव प्रसाद हुमेगाँई

प्रमुख प्रशासकिय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

पाँचखाल नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पाँचखाल, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल